# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-४ | अंक-६ | २०७६ भदौ ११ गते बुधबार | 28 August 2019 Wednesday | मूल्य रू. १०/-



भष्ट्राचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं ।

घुस लिने दिने दुवै उतिकै दोसि हुन ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## समृद्धिको सपना साकार हुदैं

**मिसन न्यूज**

**कालिकोट**

कर्णाली करिडोरमा सवारीसाधन चल्न थालेपछि आर्थिक चहलपहल वृद्धि भएको छ । करिडोर क्षेत्रका आसपासमा बजार हुनसक्ने ठाउँमा जग्गाको कारोबारदेखि व्यापारको सम्भाव्यताले गर्दा आर्थिक चहलपहल बढेको हो । कर्णाली करिडोरको खुलालुदेखि बाजुरा धुलाचौरसम्म ८० किलोमिटर सडकखण्डमा सवारीसाधन चल्न थालेका छन् । कर्णाली करिडोरको ८० किलोमिटर सडकमा यातायातका साधन चल्न थालेपछि कालिकोटका सान्नी त्रिवेणी गाउँपालिका, पचालझरना गाउँपालिका, पलाँता गाउँपालिका र रास्कोट नगरपालिका ६० हजारभन्दा बढी जनसंख्या लाभान्वित भएका छन् भने बाजुराका करिब ४० हजार जनसंख्या करिडोरको प्रत्यक्ष उपभोगमा छन् । नेपाली सेनाले सडकको निर्माण कार्यलाई तीव्रता दिएपछि खुलालु, लालीघाट, रेगिल, सान्तिघाट, भुराबगर, भात्तडी, घाटपारीचौर, जितेगडा, जारकोट, आम्तडा बाजुरोको कोल्टी पिलिचौर, हिमाली गाउँपालिकाको धुलाचौर लगायतका क्षेत्र अहिले बजारका रूपमा विकसित भएका छन् ।

**करिडोरमा हाट बजार**

सडक नहुँदा विगतका दिनमा जितेगडा बजारसम्म आउने पिठ्युँमा भारी बोकेर आउने यहाँका बासिन्दा अहिले घरमा केही न केही व्रुयापार व्रुयावसायमा संग्लन गरेको कालिकोट उद्योग वाणिज्य संघका पूर्ववरिष्ठ उपाध्यक्ष मथुरा न्यौपानेले बताए । 'करिडोर क्षेत्रका धेरै ठाउँ अहिले बजारका रूपमा विकसित भएका छन्,' उनले भने, 'विगतमा पिठ्युँ भारी बोकेर नुनतेल गर्ने करिडोर क्षेत्रका बासिन्दाहरू अहिले गाडीमा सरर घरमै पुग्ने गरेका छन् ।' कर्णाली करिडोरको ८० किलो मिटरमा अहिले रारा कर्णाली यातायात प्रालि, बुलबुले यातायात प्रालि, बाजुराका बडिमालिका यातायात प्रालि लगायत कम्पनीका सवारीले यात्रुलाई सेवा दिने गरेका छन् । त्यस्तै, निजी मोटरसाइकल र अन्य यातायातका सेवाले स्थानीयको दैनिक पैदल हिँड्नुपर्ने दैनिकीलाई समेत परिवर्तन गरेको छ । करिडोरको निर्माण र यातायातका साधन चल्न थालेपछि स्थानीयहरूले यातायातका साधन जिप र ट्रक किनेर व्यावसायिक रूपमा राम्रो आम्दानी लिन थालेको रारा कर्णाली यातायात प्रालिका अध्यक्ष हस्तबहादुर बलमले बताए । 'करिडोरमा यातायातका साधन चल्न थालेपछि स्थानीयहरूले पनि सवारीसाधन किनेर व्रुयावसायिक रूपमा राम्रो आम्दानी लिएका छन्' उनले भने, 'करिडोरको निर्माणले मानिसलाई व्यावसायिक बन्न पनि सिकाएको छ । आम्दानी लिन पनि सिकाएको छ ।' करिडोर खुलेपछि तरकारी खेती गर्ने बढेका छन् । कर्णाली करिडोरमा सवारीसाधन चल्न थालेपछि आसपासका मानिसहरू अहिले तरकारी खेती गर्ने किसान बढ्दै गएका छन् । विगतमा रोजगारको केही उपाय नहुँदा भारतमा रोजगारी गर्न जानेहरू अहिले तरकारी खेतीतर्फ

**बाँकी ८ पेजमा.....**



कर्णाली करिडोरको कालिकोट खण्डमा गाडी गुड्दै ।

## छाप्रेमा भिषण पहिरो

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको तिलागुफा नगरपालिका-७ छाप्रेमा भिषण पहिरो गएको छ । अबिरल वर्षासँगै गाँउ माथिबाट हिलो आएपिछ स्थानीय गाउँ छाडेर भागेका हुन् । पहिरोका कारणा तिलागुफा नगरपालिकाको वडा नं. ६, ७ र ८ का तीन वटा बस्तीहरु जोखिममा परेका छन् । तिलागुफा नगरपालिका प्रमुख रतनबहादुर शाहीले पहिरोका कारण छाप्रे, डाँडको बस्ती बिस्थापित भएको जानकारी दिए । उनले भने,'पहिरो अहिले पनि बगिरहेका छ । राति गाउँमा पहिरो पस्दा भागाभाग भएको हो । पहिरोले पसेपनि मानवीय क्षति भने नभएको शाहीले बताए । डाँढ गाउँका दुई घरमा पहिरो पसेको छ । टाकुल्लाको दुई कोठे घर पुरिएको छ । पहिरोले कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत जुम्ला सडकखण्ड पनि अवरुद्ध भएको छ । कर्णाली राजमार्गमा गुड्ने सवारी साधनहरु बीच बाटोमै अलपत्र परेका छन् । पहिरोग्रस्त क्षेत्रमा उद्धारका लागि तीन वटै सुरक्षा निकाय खटिएका छन् । जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख डीएसपी श्यामबाबु ओलीयाको नेतृत्वमा नेपाल प्रहरी, सशस्त्र प्रहरीका डीएसपी दिलप्रसाद भट्टको नेतृत्वमा सशस्त्र प्रहरी र नेपाली सेनाको पहिरो स्थलमा खटिएको छ । डीएसपी श्यामबाबु ओलीयाले आफूहरुले पहिरोको जोखिममा परेका परिवारहरुको तथ्यांक संकलन, उनीहरुको बसोबासका लागि नगरपालिकासँग समन्वय गरिरहेको बताए । छाप्रेका २५ घरहरु तत्काल विस्थापित हुने अवस्थामा छन् । जोखिममा रहेका परिवारको घरमा रहेको सामानहरु सुरक्षित ठाँउ तिर सार्ने कार्य भइरहेको छ ।

## प्रेस जेल हाल्ने विधेयक चाहिदैंन : देउवा

**मिसन न्यूज**

**सुर्खेत**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पत्रकार जेल हाल्ने कानुन तत्काल खारेज गर्नुपर्ने बताएका छन् । सभापति देउवाले प्रेस स्वतन्त्रता माथि नै केपी ओली नेतृत्वको सरकारले आक्रमण गर्न खाजेको बताए । पत्रकारको लेख्न पाउँने अधिकार खोसेर प्रेस स्वतन्त्रता सम्बन्धी कडा विधेयक ल्याएकाले कार्यकर्तालाई यसको विरुद्धमा आन्दोलन गर्न निर्देशन दिए ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित प्रदेशस्तरिय प्रशिक्षण कार्यक्रममा सम्वोधनगर्दै देउवाले यस्तो आक्रोश व्यक्र गरेका हुन् । कांग्रेस सभापति देवाले अहिलेसम्म देश परिवर्तनका लागि धेरै लडाइ लडे पनि अव अन्तिम लडाई लड्नु पर्ने भएको बताए । राणा शाषनको विरोधदेखि देशमा २०६२/०६३ मा पनि आन्दोलन गरियो तर, फेरी एकपट ठुलो लडाईको खाँचो रहेको बताए । वर्तमान सरकार नेपाली जनताको हित विपरित भएकाले अब कांग्रेस एकजुट भएर जनतासँग हातेमालो गर्ने सभापति देवाले बताए । अधिनायकवादी चरित्र देखाउने कम्यूनिस्टलाई तह लगाउने समेत बताएका छन् । शुक्रवार केन्द्रिय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्धारा आयोजित महाधिवेशन प्रतिनिधिको लागि प्रशिक्षण कार्यक्रमको समापन समारोहलाई सम्बोधन गर्दै सभापति देउवाले वर्तमान सरकारको चर्को आलोचना गरे । 'कम्यूनिष्ठ सरकार आएपछि लोकतन्त्रर संघियता समेत खतरामा परेको छ 'सभापति देवाले भने, 'नेपाली जनतासँग मिलेर अव कम्युनिस्टलाई सिध्याउनुपर्ने बेलाआएको छ ।' सभापति देउवाले कम्युनिस्ट सरकारले देशमा लोकतन्त्रलाई समाप्त पार्दै साम्यवादी व्यवस्था ल्याउने षड्यन्त्र गरेको

**बाँकी ८ पेजमा.....**




नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रशिक्षण कार्यक्रमा सम्वोधन गर्दै ।

## पुर्वाधार सम्मेलनको तयारी

**मिसन न्युज**

**सुर्खेत**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा तेस्रो पुर्वाधार सम्वेलनको लागि अन्तरक्रिया कार्यक्रम भएको छ । नेपाल सरकार भौतिक पुर्वाधार तथायातायातमन्त्रालय,नेपालउद्योग परि षद्ले आयोजना गरेको कार्यक्रममा सम्मेलनको पुर्वतयारीका विषयमा छलफल गरिएको हो । अन्तरक्रिया कार्यक्रममा प्रदेशको भौतिक, यातायात तथा अन्य पुर्वाधार सम्वन्धी व्यापक छलफल भएको थियो । प्रदेश सरकारले ल्याएको कार्यक्रम खाद्य, कृषि, यातायात, खानेपानी, स्वास्थ्य तथा शिक्षाका वारेमा सम्मेलनको पुर्वतयारी गर्ने कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बताए । अति जोखिम वस्तीहरुलाई सुविधाहुने ठाउँमा सार्नको लागि प्रदेश सरकारले निति तथा

**बाँकी ८ पेजमा.....**

# सम्पादकीय...

## कर्णालीको समृद्धि सपना

'समृद्ध कर्णाली सुखारी कर्णालीवासी' विकासको भिजन बोकेर प्रदेश सरकार हिँडेको छ। समृद्धि कर्णालीको चाहना र जनताको आशा बनेको छ। राजनीतिक स्थायित्वसँगै आर्थिक समृद्धि विकासको एजेण्डा बनेको छ। तर, समृद्धि र सुख के हो र कसरी प्राप्त गर्ने भन्ने विषय भने अझै अपरिभाषित छ। कर्णालीको विकासमा जनताको चाहना पूरा गर्न गरिबी निर्मूल गर्न प्रत्यक्ष कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्छ। परम्परागतरुपमा विकासको अर्थ कुल ग्रार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आय बढाउनु हुन्थ्यो भने आधुनिक समाजमा विकासको अर्थ व्यापक भएकोछ। आयको समान वितरण, सबै भौगोलिक क्षेत्रको सन्तुलित विकास, मानव संसाधनको समान विकास र देशको सांस्कृतिक संपदाको संरक्षण तथा विकास आर्थिक विकासको परिभाषाभित्र समेटिएका छन्। समृद्धि विकास प्रयासको उच्चतम प्राप्ति हो।

विकास हासिल गरेपछि त्यसको पहिलो प्रभाव समृद्धि हो भने अन्तिम उपलब्धि सुख हो। समृद्धि विकासको भौतिक पक्ष हो भने सुख वा खुसी आध्यात्मिक पक्ष हो। विकासवादी टुडारो जनताका आधारभूत आवश्यकता पूरा गर्ने, जनतालाई सम्मानित जीवन यापन गर्ने वातावरण निर्माण गर्ने तथा वस्तु तथा सेवा छनौट गर्ने स्वतन्त्रता नै समृद्धि हो भन्दछन्। विपन्नताको अन्त्य गरी आर्थिक सम्पन्नता र वैभवपुर्ण सम्पन्नतासहितको 'समृद्धि' निर्माण नै आजको आवश्यकता हो।

जनताबीच आर्थिक सामाजिक समानता, सेवाप्रवाहमा समान पहुँच र जनताबीच सुमधुर सम्बन्ध नै ह्याप्पीनेस हो। उच्च दरको आर्थिक वृद्धि, सम्मानित रोजगारीको सिर्जना, व्यापार सन्तुलन, पर्यावरणीय सन्तुलनलाई केन्द्रबिन्दुमा राखी नागरिकलाई शान्ति पूर्णस्वतन्त्र, स्वशासित, समतामूलक तथा स्वाभिमानको प्रत्याभूतिसहित सम्पूर्ण विशेषताहरुको उपलब्धता भएको समृद्ध समाजको निर्माण गर्नु नै वास्तविकरुपमा समृद्धि हो। हाम्रो देशमा योजनावद्ध विकास र गरिवी निवारण केन्द्रीत विकास प्रयासले निरपेक्ष गरिबीको रेखामुनि रहेको कर्णालीको जनसङ्ख्या घटेको देखिए पनि गरिब र धनीबीचको खाडल फराकिलो बनेको छ। देशको नब्बे प्रतिशत सम्पति केवल १० प्रतिशत धनाढ्यहरुसँग छ भने नब्बे प्रतिशत जनतासँग केवल १० प्रतिशत मात्र धनसम्पति रहेको छ। प्रसंग हाल कर्णाली करिडोर निर्माण भइरहेको छ। यसले कर्णालीवासीलाई ठुलो आशा जोगाएको छ।

# स्याउ बजारको चुनौती

मिसन न्यूज

कालिकोट

जिल्लाको रास्कोट नगरपालिकाको लेकाली क्षेत्र सिप्टीमा उत्पादित स्याउले बजार नपाउँदा किसान चिन्तित बनेका छन्। बगैंचामा लटरम्म फलेको स्याउ बिक्री नभएपछि उनीहरू चिन्तित बनेका हुन्। जिल्लामै पहिलोपटक स्याउ जोन कार्यक्रम लागू भएको सिप्टीमा एक सयभन्दा बढी सिप्टीमा व्यावसायिक स्याउ खेती गर्ने किसान कलबहादुर रोकायाले आफूले बगैंचामा उत्पादन गरेको स्याउ बर्सेनि खेर जान थालेपछि स्याउबाट उत्पादन हुने जाम, जेलीलगायत वस्तु उत्पादन गर्न थालेको बताए। उनले भने, 'स्याउ खपत हुने बजारको अभाव छ, बर्सेनि खेर जादै आएको स्याउबाट जाम, जेली, चानालगायत वस्तु उत्पादन गर्न थालेको छु।' उनले त्यो पनि बिक्री



रास्कोटका किसानले व्यावसायिक रूपमा स्याउ खेती गर्दै आएका छन्। सिप्टीमा स्याउ खेती गर्दै आएका किसान गोकर्ण न्यौपानेले आफूहरूले उत्पादन गरेको स्याउले बजार नपाएको बताए। उनले भने, 'नजिकै स्याउ बिक्री गर्ने बजार छैन, टाढा लैजान यातायातको सेवा पनि छैन।

बगैंचामा फलेका स्याउ पशुले खाने गरेका छन्।' बर्सेनी बगैंचामा फलेको स्याउ केही आफूले खाने र आफन्तलाई पनि दिएर बचेको चराचुरुंगी र पशुले खाने गरेको उनले पीडा सुनाए। गत वर्षबाट सिप्टीमा स्याउ जोन कार्यक्रम लागू भएपछि नगरपालिकाले सडक खन्न सुरु गरेको छ। तर, सडकमा परेका जग्गाधनीको विवादले सडक निर्माणको काम पनि अवरुद्ध छ। यस्तै कहाँ गर्ने भन्ने चिन्ता रहेको बताए। रास्कोट नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष डबल बोगटीले आफ्नो वडाका मात्र ३० जना किसानले सिप्टीमा उत्पादन गरेको स्याउ खेर गइरहेको बताए। उनले अब सिप्टीको स्याउ नगरले नै खरिद गर्ने र बजारीकरण गर्ने तयारी गरेको बताए। उनका अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना व्यवस्थापन एकाइले कालिकोटको रास्कोट नगरपालिकाको सिप्टीलाई स्याउ जोन लागू गरी स्याउ खेती प्रवर्द्धनमा काम गरिरहेको छ। रास्कोट नगरपालिकाको सिप्टीमा हाल पाँच सय हेक्टर जमिनमा किसानले स्याउ खेती गर्दै आएका छन्। तर यातायातको अभावले यहाँका किसानले आफूले उत्पादन गरेको स्याउ बजारमा बिक्री गर्न पाएका छैनन्।


## रास्कोटको सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिकाको कार्यालय**
**कालिकोट**



## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**



## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# कविता र नेता



**कृष्णराज धमाला**

कालीकोटको रास्कोट नगरपालिका वडा नं. ६ स्थित कालाशिल्ला माध्यामिक विद्यालयमा भएको एक कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भयो। कालिकोटमै पहिलो पटक कानून तथा अनुसन्धान विषय पढाईको शुभारम्भ कार्यक्रम भएकाले पनि कार्यक्रमप्रति स्थानीयको आकर्षण बढेको थियो । 'कानूनी शिक्षा आजको आवश्यकता, गुणस्तरीय शिक्षा हाम्रो प्रतिबद्धता' भन्ने मूल नारासहित औपचारिक उद्धाटन कार्यक्रममा कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही, प्रदेश सभा सदस्य कुर्मराज शाहीलगायतका सहभागिता थियो । उक्त कार्यक्रमको सञ्चालन गर्ने जिम्मेवारी मैले पाएँ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्मराज शाही, प्रधानाध्यापक सन्तराज शाहीलगायत विद्यालय परिवारले दिएको कार्यक्रम सञ्चालकको जिम्मेवारी भूमिका मैले निर्वाह पनि गरेँ ।

मैले कखरा सिकेको उक्त विद्यालयमा नयाँ संकायको उद्धाटन गर्न पाउनु मलाई पनि खुशी लागेको थियो । मुख्यमन्त्रीसहितको जम्बो टोलीलाई स्थानीयले पनि राम्रै स्वागत गरें । हुन पनि कालिकोटजस्तो विकट जिल्लाको छोरो अहिले सिंगो कर्णाली प्रदेशको शासकीय नेतृत्वमा पुग्नु आफैमा गौरवको कुरा हो । यो बेला जनताले सरकारसंग आशा गर्नु पनि स्वभाविक होला । त्यसैलै पनि विद्यालयको कार्यक्रममा स्थानीयको उपस्थिती बाक्लो थियो । स्थानीयले फूलमालाले मुख्यमन्त्रीलाई स्वागत गरिरहँदा उनकै पूर्व सहकर्मीहरु भने नजिकै बम बिस्फोट गराएर त्रसित बनाइरहेका थिए । मुख्यमन्त्री विभिन्न क्षेत्रमा पुगेर बिकासको योजना अनुगमन गर्ने, जनतालाई आश्वस्त पार्ने र सहिद परिवारलाई पनि केही सान्त्वना दिँदै हुनुहुनथ्यो । विद्यालयको कार्यक्रम सुरु भयो । शुभकामना मन्तव्य र गीत, नृत्यका कार्यक्रम मलाई उपलब्ध गराइएको कार्यक्रम तालिकामा समेटिएका थिए । कार्यक्रम सञ्चालकको भूमिकामा रहेकाले कार्यक्रमको तालिकालाई जोड्नु मेरो दायित्व पनि थियो। कार्यक्रमकै बिचमा सोही विद्यालयका शिक्षक तथा मेरा दाजु नयरुप धमालाले कविता बाचनका लागि समय माग्नुभयो । कार्यक्रम सञ्चालकको नाताले दाईलाई कविताका लागि समय उपलब्ध गराएँ । कविताको शिर्षक थियो 'नेता र देउता उस्तै उस्तै' । कविता वाचन पछि भने मञ्चमै केहीले मुखामुख गरे । कविताका लागि मञ्चमा बोलाइएका मेरा दाजुले कवितावाचन भन्दा अगाडि संक्षिप्त मन्तव्य राख्दै नेकपाको सरकारका काम कार्वाहीप्रति नागरिकहरु सन्तुष्ट नभएरको र यसमा सुध्रिनु पर्ने सुझाव राख्न समेत भ्याउनु भयो। नेता र देउतालाई बिम्ब बनाएर रचिएको कविताका सबै हरफहरु सुनिसकेपछि मञ्चमा कानेखुसी सुरु भयो र यो कवितावाचन गर्न नदिनु पर्ने कुरा मेरो कानमा सुनियो ।

त्यो अभिव्यक्ति मलाई पनि केही तनावको महसुस भयो। आफ्नो सरकारको आलोचना सहने सामर्थ्य भएन होला भनेर चित्त बुझाएँ । धमालाको कवितामा देशको वास्तविकता, नेताको व्यवहार झल्किएको भन्नेमा स्थानीयको अभिव्यक्ति थियो । नेताहरुले भने आफ्नै कार्यकर्ताले सरकारको विरोध गरेको बुझेछन्। कविता वाचन पछि कर्णाली प्रदेश सभा सदस्य कुर्मराज शाही र मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको सम्बोधनको कार्यतालिका बमोजिम उहाँले पनि सम्बोधन गर्नु भयो। मैले पनि त्यो कविताले हलचल ल्याउँला भन्ने कल्पना गरेको थिएन। कविताले सबैको मन दुखाउला धन्ने पनि लागेन । कविताले यतिसम्म हलचल गर्छ भन्ने लागेको भए म सञ्चालकको नाताले दाईलाई कवितावाचनको समयन नदिन सक्थे। मेरो बुझाई साहित्यमा प्रयोग भएका र गरिएका बिम्ब, प्रतीकहरुले यथार्थता, सुझाव, शिक्षा, मार्गनिर्देशन गर्छ भन्ने भएर अवसर दिएँ । कविताका बारेमा किन चर्चा भयो भन्ने लाग्न सक्छ कारण कविता वाचन हुँदै गर्दा मञ्चमा छलफल हुनु र त्यसपछिका शुभकामना मन्तव्यहरु त्यसै कवितामा केन्द्रित भएर गलत सावित भएको पुष्टि गर्न खोज्नुका कारण उक्त कविताका बारेमा यो पंक्तिमा लेख्न खोजिएको हो । जिल्लाकै नमूनाका रुपमा विद्यालय सञ्चालनमा छ। अझ नयाँ बिषयको अध्यापन सुरु हुँदैछ । त्यसमा मुख्यमन्त्री, प्रदेश सभा सदस्यसहित महत्वपूर्ण र जिम्मेवार व्यक्तित्वहरुको सहभागिता रहेको कार्यक्रमको गरिमा बढाउनैका लागि म पनि त्यहाँ सरिक भएको हुँ । मैले यहाँ बिरोध गर्न खोजेको पटक्कै होइन । सकारात्मक सोच र व्यवहारका कुरा गरिरहँदा नेतृत्वले नागरिकका असन्तुष्टिहरुलाई सुन्दै नसुन्ने, उहाँहरुले जे गरे पनि 'राम्रै गरिसिन्छ' भनेर भजन गाउनै पर्ने नागरिकहरु प्रश्न यो हो मेरो । पदमा भएकाहरुले जे गरे पनि सकारात्मक हुने, पदमा नभएकाले जति राम्रो र उत्कृष्ट काम गर्दा पनि नकारात्मक नै सावित गर्नु पर्ने मान्यता यदि कायम गर्न खोजिन्छ भने त्यो सम्भव छैन भन्ने मात्र हो। नेपाली कांग्रेसका महासमिति सदस्य दानबहादुर बम, नगरप्रमुख काशिचन्द्र बराल, नेकपा कालीकोटका अध्यक्ष धनजित शाही 'आदर्श', प्रदेश सभा सदस्य कुर्मराज शाही र मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले शुभकामना दिँदै गर्दा मुख्य र विशिष्ट अतिथिद्धयले त्यहाँका नागरिकहरुमा मानवीय संवेदना नै छैन, उनिहरुले जस्तो जीवनयापन गरेका छन् त्यो जीवन भोगाइको अर्थ छैन ? लाग्यो उनीहरु मानिस नै हैनन् ।

उनिहरुले बाँच्नका लागि अर्को जीवन लिनुपर्छ ? माननीय ज्यू,हरुको भाषणले मलाई लाग्यो वडा सदस्यदेखि माथिका सबै जनप्रतिनिधिहरुले नमुना काम मात्रै गरिरहेका छन्। उनीहरुका सबै व्यवहारहरु दुधले नुहाए जस्तै छन्। पाँच बर्षको कार्यकाल उनिहरुको राज्य हो । तिनिहरु रामराज्य निर्माणमा व्यस्त छन्। उनिहरुसँग नागरिकहरुले बोल्नु पनि भएन। म पनि नेकपाको एक सदस्य हुँ, कसैले मानेपनि नमाने पनि । अझ जुन जोडिएका कविताका रचनाकार कालिकोटमा नेकपाको जन्मदाता हुन् । उनले कैयौं 'गधाहरु'लाई धोएर गाई बनाउने प्रयत्न पनि गरेका छन् । 'बिडम्बना दुध दुहुन खोज्दा त्यही गाईले लात्त हान्यो' यो सत्य हो । व्यक्तिगत आनीबानीका कारण कतिपय कमजोरी भएका होलान् तर इतिहाँस मेटाउने र ज्यूदै मार्ने न दुई तिहाईसँग छ न कुनै पदभार बोकेका महासयहरु सँग। मैले म के गरिरहेको छु त्यो मात्र भन्न सक्छु तर अरुले गरेका कामको सय प्रतिशत सही छ भनेर म भन्न सक्दिन । त्यो भन्नु पनि गलत हो । प्रदेश सरकारले सबै स्थानीय तहका जनप्रतिनिधिहरुले गरिरहेका कामहरु सय प्रतिशत राम्रा भनेर ठोकुवा गर्ने आधार के हो ? के हामी अहिले पनि रैती नै हौं ? के अभिव्यक्ति स्वतन्त्रता खोसिएकै हो त ? मतदाताले जनप्रतिनिधीसंग जिज्ञासा पनि राख्न नपाउने ? सुझाव दिँदा नकारात्मक हुने यो बुझाई कहाँ को हो ? यदि जे भइरहेको छ त्यसमै ल्याप्चे गर्नै पर्ने हो भने किन मन्त्रीलाई बर्खास्त गर्नु पर्‍यो ? केही हुँदा खेरि आफन्त र निकट हुँ भनेर हुल सिर्जना गर्ने र गलतलाई पनि सत्य सावित गराउने माहोल सिर्जना गर्ने आसेपासे र सल्लाहकारहरुले नेतृत्वलाई डुवाएका कैयौं दृष्टान्तहरु छन्। तसर्थ, सुझाव, सल्लाहलाई गालीमा रुपान्तरण गर्दा घाटा आफैलाई हुन्छ। जसले भोट दिएर जिताउने अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो उसले भन्न पाउने अधिकार पनि छ । ज्यूहरुले भनेको मात्रै सुन्नु पर्ने भोटरहरुले जिज्ञासा राख्दा, चित्त नबुझेका बिषयमा बिमति राख्दा आकाश खसेको महसुस गर्नु कुन सकारात्मक सोचको मूल हो ? विभिन्न आहोदामा आसिन भएकाहरुका मन मात्रै मन, अरुका ढुङ्गा ? उनिहरुले मात्रै संसार जानेका छन्। बुझेका छन् । अरु सबै भेडा ? आफ्ना नातेदार, आफन्त, अन्धभक्त भएर आफ्नो गुणगान गाउनेले मात्रै मत दिए र बिजयी गराए ? आजीवन यिनै आसेपासेहरु मात्रै काम लाग्छन् र फेरी अरुहरुको सहयोग चाहिदैँन ? यदि यो नै हो भने ठिक छ, हैन भने नागरिकका असन्तुष्टिहरु सुन्ने शाहस गर्नैपर्छ ।

अनि फराकिलो हुन्छ यात्रा गर्ने बाटो । बुझ्नुहोस् तपाइले जे गर्नुभएको छ त्यो ठिक हो भनेर बासुरी बजाउनेहरुले तपाइलाई नै ओझेलमा पार्ने खेल खेल्दैछन् । यो मै एक जना कसैलाई भन्न खोजेको होइन, समग्रमा जसले सत्ताको बागडोर सम्हालेर सिंह भएको अनुभुति गरिरहनु भएको उहाँहरुलाई साझा प्रश्न हो ? प्रश्न सुन्ने र सही उत्तर दिने, नसके दिने प्रयत्न गर्नु नै फाइदा छ, हितमा छ । स्थानीय या प्रदेश सरकारको बिभिन्न नेतृत्वमा रहेका महासयहरुले सञ्चालन गरेका गतिबिधि, उहाँहरुका आनीबानी, व्यहार, कार्यसम्पादनका बारेमा म राम्रैसँग जानकार छु । केहि दृष्टान्त, केही प्रमाण, केहि तथ्यहरुका आधारमा यि सुझावहरु राखेको हुँ । मैले केही पाउने अपेक्षा र केही गुमाउने चिन्तामा यो भनिरहेको छैन, मात्र भनिरहेको छु दुई तिहाईको दम्भमा हामीले जे गरेपनि हुन्छ भन्ने अन्योलमा रहनु हुन्न भन्ने मात्रै हो । कति नमूना र प्रशंसा गर्न योग्य जनप्रतिनिधिहरु पनि छन्, तर उनिहरु ओझेलमै छन्, जसले तिक्डम, खुराफाती गर्छ उसैकै जयजयकार सम्भव छैन र यो आशा नगर्दा पनि होला। कर्तुत आफै बाहिर आउँछ र एकदिन नांगिनुको बिकल्प छैन, त्यसैले एक नागरिकको खबरदारी हो, लायाको अड्तो र बोक्याको सामलले सहि गन्तव्यमा पुगाउँदैन । **लेखक : धमाला पत्रकार समेत हुन् ।**


## क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।**

**२. साझँ पख सधै ज्वरो आउनु ।**

**३. खाना खान मन नलाग्नु ।**

**४. तौल(वजन) घट्नु ।**

**५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# समृद्धितिर लम्किदैं रास्कोट बालुखेत

विश्वनाथ सिम्खाडा
कालिकोट

जिल्लाको रास्कोट नगरपालिका वडा नं ९ बालुखेत नयाँ सोचका साथ अगाडी बढ्दै नगरपालिकाकै एक नमुना वडा बन्दै गएको छ । दलित बस्ती रहेको बालुखेतमा संघीय संरचना बन्नु भन्दाअघि रास्कोटको बालुखेत विकासका हरेक क्रियाकलापमा पछाडि परेको थियो । संघीय संरचनामा गइसकेपछि यो बस्ती एकाएक फेरिँदै गएको हो । गरिबि, अशिक्षा, अन्धविश्वासले जरा गाडेको यो बस्ती स्थानिय सरकार आएपछि फेरिएको हो । ३ सय ३२ घरधुरी रहेको वडा नं ९ मा दुई सय २५ दलित समुदायको बाहुल्याता रहेको छ । यिनै विकासका सुचकहरु पुरा गरेपछि आउँदो माघ महिनामा नगरकै नमुना वडा घोषणा गर्ने तयारि रहेको छ ।

प्राराम्विक बालविकासको शिक्षालाई जोड दिदै वडाको एक दलित वस्तिमै नमुना बालविकास केन्दको स्थापना गरेको छ । जग बलियो त घर बलियो भनेझैं शिक्षामा पनि तलको सुरुको प्राराम्विक बालविकास शिक्षालाई बलियो बनाउन दलित वस्ती जिल्लामै नभएको नमुना केन्द्र स्थापना गरिएको वडा अध्यक्ष डवल बहादुर बोगटीले बताए । उनले भने, 'नगरपालिकाको सहयोग र स्थानियको जन सर्वदानले जिल्लामै नभएको एउटा बालविकास केन्द्र स्थापना गरेका हौं । बालविकास केन्द्रमा दलित वस्तीका २० जना र अन्य १२ जना गरी ३२ जना बालवालिका अध्ययन गर्दै आइरहेका छन् । केन्द्रमा एक जना स:का र एक जना सहयोगी गरेर दुई जना शिक्षक राखेका छौं । बालवालिकाहरुलाई स्थानिय उत्पादन



रास्कोट बालुखेतमा रहेको बालविकास केन्द्र ।

गरिएको सम्रागिहरुको साहायतामा सिकाई गरिरहेका छौ ।' यसै क्रममा वडाको माताहतका सम्पुर्ण विद्यालयहरुमा डिजिटल हाजिरी प्रणाली सुरु भएको छ । विकसित सुचना प्रविधीसँगै वडामा डिजिटल हाजिरी प्रणाली सुरुवात गरिएको हो । परम्परागत प्रणालीलाई विस्थापित गर्दै आधुनिक प्रविधिलाई अंगाल्न थालिएको छ ।यस्तै विद्यार्थी नियमित विद्यायलयले अभिभावकसंग सम्झौता पनि गर्न गरेको छ । नगरपालिकाकै सुविधा सम्पन्न फुकोट स्वास्थ्य संस्थाभित्रै छुटै एउटा स्तनपान कक्षपनि स्थापना गरिएको छ । नागरिकको सेवा सुविधालाई मध्यनजर गरी स्वास्थ्य संस्थामै छुटै स्थनपान कक्षा संचालन गरिएको हो । विगतका दिनमा यहाँका वासिन्दाहरु विरामी पर्दा सिटामोल समेत पाउने अवस्था थिएन । दक्षजन शक्ति राखेर जटिल खालका बिरामीलाई बाहिर रिफर गरिँदै आइरहेको छ भने, भिडियो एक्सरे, प्रसुती गृह पनि वडामै रहेको स्वास्थ्य संस्थामै हुने गरेको नगरपालिका स्वास्थ्य संयोजक हंशराज बरालले बताए । उनले भने, 'स्वास्थ्य क्षेत्रमा हामीले नगरपालिका भन्दा एउटा नमुना बनाउन खोजिरहेका छौं । सयमा नगरपालिका र प्रदेश सरकारले पनि सहयोग गरेको छ ।' 'नगरपासलकाकै पहिलो पुणखोप सुनिश्चित वडा घोषणको तयारी भइरहेको संयोजक न्यौपानेले बताए । विगतका दिनमा जन्मेदेखि ५वर्षसम्मपनि खोप लगाउँदैन थिए । अहिले प्रत्येक शिशु जन्मेदेखि ५ वर्षसम्मका बालबालिका नियमित स्वास्थ्य संस्थामा खोप लगाउने गरेका छन् । वडाका ३ सय ३२ घरधुरी मध्ये एक सय ८० घरधुरीमा खानेपानीका धारा जडान गरिसकेको छ । बाँकी रहेका घरधुरीमा कार्तिकसम्म सबै घरमा धारा जोडि सक्ने तयारी रहेको वडा अध्यक्ष बोगटीले जानकारी दिए । अहिले एक सय ८० घरका धारामा खानेपानी आइरहेको छ । निर्वाचनका बेला गरेका वाचाहरु पुरा गर्न थोरै मात्र रहेको उनले बताए । ५ वर्षको कार्यकालसम्म आफुले जनताका माझ गरेका बाचा सबै पुरा गरिसक्ने उनले बताए । नगरपालिकाको कार्यालयदेखि ६ किलोमिटर सडक निर्माण गरी वडामै सडक पुगिसकेको छ । सडक पुग्दा स्थानिय उत्पादन तरकारी, फलफुल जस्ता कृर्षि जन्य सामाग्रीहरु जिप मार्फत बजार ईलाकामा ढुवानी भइरहेको छ ।

सडक नहुँदा यहाँका स्थानिय बासिन्दा पिठिउँमा भारी बोकेर बजारमा बिक्रि गर्न जानु पर्ने बाध्यता थियो । अहिले त्यो बाध्यता हट्दै गएको छ । निर्वाचित भएदेखि नै आफ्नो वडालाई नमुना वडा बनाउने लक्ष्य लिएर अगाडी बढेका वडाअध्यक्ष बागटिले बताए । परम्परागत प्रणालीका कारण समयको बरबादीसँगै बिस्वस्नीयता पनि कम हुने भएकोले वडापालिका अन्तरगतका कर्मचारीहरुका लागि इ एटेन्डेन्स सुरुवात गरिएको बताए । वडामा बिभिन्न विकास निर्माणका कार्य संगसँगै संस्थागत कार्यमा पनि क्षमता भएका वडाअध्यक्ष बोगटिले वडा कार्यालय लगायत आफ्ना वडा भित्र पर्ने सरकारी कार्यालयहरुलाई पनि डीजिटलमय बनाएका छन् । अन्धकारमा बस्दै आएका यहाँका नागरिक नगरपालिकाबाट उत्पादित वत्ती बाल्न पाएका छन् । यस्तै विकास निर्माणका कार्यहरुमा वडा नं. ९ को कार्यालय गाउपालिका को कार्यालय

बाँकी ८ पेजमा.....

## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाका
,कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

तिलागुफा नगरपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# कालिकोटमा भाइरल प्रकोप

**मिसन न्यूज**
**कालिकोट**

कालिकोटको सदरमुकाम वरिपरि देखा परेको भाइरल ज्वरो झन झन फैलिँदै गएको छ । खाडाचक्र नगरपालिकाको वडा नम्बर २ को मेग्र, भर्ता, पोरिपाल्नी र वडा नम्बर ४ को ताडी टोलसहित वडा नम्बर ६ मा पनि भाइरल ज्वरोका बिरामी भेटिएको जिल्ला अस्पताल कालिकोटले जनाएको छ । भाइरल ज्वरोले खाँडाचक्र नगरपालिका २ का एक बालिकाको आइतबार मृत्यु भइसकेको छ । तर, भाइरल ज्वरोले मृत्यु नभएको जिल्ला अस्पताल कालिकोटले दाबी गरेको छ । मृतक परिवारका अनुसार भाइरल ज्वरोले नै मृत्यु भएको बताएको छ । ती बालिका बाल विकास बोडिङ स्कलमा अध्ययन गर्दै आइरहेकी थिइन् । त्यस्तै, सान्नीत्रिवेणी गाउँपालिका, तिलागुफा नगरपालिका, रास्कोट नगरपालिका, नरहरिनाथ गाँउपालिका र महावै गाउँपालिकामा पनि भाइरल ज्वरोका बिरामी देखिएको अस्पतालका सुचना अधिकारी दिप बहादुर रावलले बताए । सुचना अधिकारी रावलका अनुसार आइतबारबाट जिल्ला अस्पतालमा भाइरल ज्वरोका बिरामी आउने गरेको बताए । जिल्ला अस्पतालमा भरिभराउ भइ बजारका निजि मेडिकलहरुमा समेत बिरामीले


जिल्ला अस्पतालमा उपचार गराउँदै बिरामी ।

**बाँकी ८ पेजमा.....**

# सदरमुकाममै खानेपानी अभाव

**मिसन न्यूज**
**कालिकोट**

कालिकोट सदरमुकाम मान्ममा खानेपानीको हाहाकार भएको छ । खाँडाचक्र नगरपालिकामा पर्ने कालिकोट सदरमुकाममा पानीको चरम समस्या पर्दा पनि नगरपालिकाले चासो नदेखाएको भन्दै स्थानीय आक्रोशित भएका छन् । खानेपानी समितिले पानीको व्यवस्थापनमा चासो नदेखाएपछि मान्ममा केही दिन देखि खानेपानीको अभाव भएको छ । खानेपानीको अभावले बजार क्षेत्रमा होटल व्यवसाय गरेर बसेका नागरिक प्रत्यक्ष मारमा परेका छन् । पानी वितरणमा एकरुपता नभए पनि खानेपानीको अभाव भएको डवल अधिकारीले बताए । 'खानेपानीमा पनि पहुँचवालाको हाली मुहाली छ, सर्वसाधारणका धारमा पानी आउँदैन तर पहुँचवालाहरुको धारमा भने २४ सैं घण्टा पानी आइरहेको हुन्छ' उनले भने । अहिले खाँडाचक्र नगरपालिका-१ स्थित बजारमा पिउने पानी अभावको मौका छोपी पहुँचवालाले खानेपानीको ट्याङ्कीबाट सिधै पानीको पाइप जडान गरेर घरघरमा जोडेर पानीको जोहो गर्दै आएका छन् । सर्वसाधारणको धारामा हप्तौसम्म पनि पानी नआउने गरेको छ । खानेपानीले सबै उपभोक्तालाई एकैनासको धारा दिनुपर्नेमा कार्यालयले ट्याङ्कीबाटै सिधै लाइन तानेर पहुँचवालाको घर घरमा धारा पुऱ्याएको स्थानीयले


कालिकोट सदरमुकाममा पानीको तानातान गर्दै स्थानीय ।

**बाँकी ८ पेजमा.....**

# मुआब्जा बहिष्कार गर्ने चेतावनी

**मिसन न्यूज**
**सुर्खेत**

राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना प्रभावित क्षेत्रका बासिन्दाले मुआब्जा निर्धारणप्रति असन्तुष्टि जनाएका छन् । सरकारले चल्तीको दरभन्दा निकै कम मूल्य तोकेको भन्दै नसच्याए आन्दोलन गर्ने चेतावनी दिएका छन् । गत साउन २९ गते बसेको मुआब्जा निर्धारण समितिको बैठकले प्रतिकठ्ठा न्यूनतम ४ लाख ५० हजारदेखि १० लाख रुपैयाँसम्म तोकेको थियो । मुआब्जा निर्धारणपूर्वको छलफलमा स्थानीयवासीले प्रतिकठ्ठा न्यूनतम १५ लाखदेखि २० लाख रुपैयाँका दरले मुआब्जा दिनुपर्ने माग राखेका थिए । जग्गाधनी समन्वय समितिका संयोजक हरिमान घलेले सरकारले तोकेको मुआब्जा लिनु र नलिनुको केही अर्थ नभएको



बताए । 'पुनःमूल्याङ्कन नगरे आन्दोलनमा जान बाध्य हुनेछौं', उनले भने, 'प्रतिकठ्ठा १२ लाख रुपैयाँसम्म दिँदा पनि हामी सहमत थियौं, तर सरकारले भने निकै न्यून दर राखेर सूचना प्रकाशित गर्‍यो, जुन हामीलाई स्वीकार्य छैन ।' अर्का जग्गाधनी टंकप्रसाद पाण्डेले मुआब्जा रकम हेरफेर गर्नुका साथै उठीबास हुने स्थानीयवासीलाई रोजगारी व्यवस्था गर्न माग गरे । 'बाँध बाँध्नु अघि प्रभावित परिवारका एक सदस्यलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ, नत्र मुआब्जा बहिष्कार गर्छौं', उनले भने । जग्गाधनीको समूहले जिल्ला प्रशासन कार्यालय सुर्खेतलाई मुआब्जा पुनविचार गर्न ज्ञापनपत्र बुझाइसकेको छ । अधिग्रहण हुने १६ हेक्टर क्षेत्रमा १ सय घरपरिवार छन् । आयोजनाले बाँध निर्माणस्थल सुर्खेतको भेरीगङ्गा, गुर्भाकोट र लेकबेंसी नगरपालिकामा पर्ने १६ हेक्टर जग्गा अधिग्रहण गर्ने प्रक्रिया सुरु गरेको छ । भेरीगङ्गा नगरपालिका-५ चिप्लेमा १४ मिटर अग्लो बाँध बनाई १२ किमि लामो सुरुङमार्फत भेरीगङ्गाकै वडा(११ हात्तीखालस्थित बबई किनारमा भेरीको पानी खसालिँदैछ । भेरीबाट प्रतिसेकेण्ड ४० घनमिटर पानी बबईमा खसालेर ४८ मेगावाट विद्युत् उत्पादन गर्नुका साथै बाँके र बर्दियाको ५१ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा पुर्‍याउने आयोजनाको लक्ष्य छ । कार्यालयका सूचना अधिकारी कृष्णप्रसाद उपाध्यायले तीव्रतासाथ निर्माणअघि बढिरहेको

**बाँकी ८ पेजमा.....**

## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# धमाधम प्राविधिक शिक्षालय

मिसन न्यूज
कालिकोट

सीटीईभीटीबाट अनुमति लिएर यहाँका विद्यालयले प्राविधिक शिक्षा सञ्चालनमा ल्याएपछि दुर्गमका विद्यार्थीले गाउँघरमै सहज अध्ययनको मौका पाएका छन । घरदैलोमै प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा आएपछि अध्यायनकै लागि सहर पस्नुपर्ने बाध्यता हट्दै गएको छ । रास्कोट नगरपालिकामा रहेको बडिमालिका माविमा विगत ६ वर्षदेखि प्राविधिक गर्न पाउँदा यस क्षेत्रका विद्यार्थी खुसी भएका छन् । गाउँमै फरक खालका प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनमा आएपछि अन्यत्र पढ्न जाने झन्झटबाट यहाँका विद्यार्थी मुक्त भएका छन् । अभिभावकलाई पनि आर्थिक भार कम परेको छ । गाउँमै प्राविधिक शिक्षा सञ्चालनमा आएपछि सहरमा पठाउनुपर्ने बाध्यता हटेको अभिभावक कृष्णलाल सँज्यालले बताए । 'सामुदायिक विद्यालयमा पढिरहेका विद्यार्थीले गाउँमै प्राविधिक शिक्षा अध्ययन गर्न थालेका



शिक्षाअन्तर्गतको १८ महिने कृषि बाली विज्ञान विषयको पठनपाठन भइरहेको छ । अध्ययनका लागि रास्कोट क्षेत्रमा गाउँगाउँसम्मका विद्यार्थी ओइरिन थालेका छन् । कालिकोटबाट अध्ययनका लागि सुर्खेत, नेपालगन्ज, धनगढी, बुटवल, पोखरा र काठमाडौं जाने बाध्यता हटेको छ भने कालिकोट, दैलेख, अछाम र बाजुराका विद्यार्थी रास्कोट आउन थालेका छन् ।

जिल्ला सदरमुकामबाट करिब ३५ किलोमिटर उत्तरमा रहेको रास्कोट नगरपालिकामा बस्ती बढ्दै जानु र शैक्षिक क्षेत्रको उन्नतिका लागि विभिन्न प्रयास भएकाले प्राविधिक शिक्षाअन्तर्गतका विभिन्न विषयको पढाइ हुन थालेकाले प्राविधिक शिक्षा पढ्न खचाखच भरिन थालेको कालाशिल्ला माविका सन्तराज शाहिले बताए । गाउँघरमै स्वरोजगारमूलक शिक्षा आर्जन छन्,' उनले भने, 'सामुदायिक विद्यालयले कृषि, कम्प्युटर, कानुन र ओभरसियरको पढाइ सञ्चालन गरेपछि जिल्लाबाहिर जानुपर्ने बाध्यता हटेको छ ।' यस्तै, कालिकोटको खाँडाचक्र नगरपालिकाको पाखामा १८ महिने कृषि बाली विज्ञान, खाँडाचक्रकै मान्ममा तीनवर्षे ओभरसियर, पचाल झरनाको ज्ञनोदय मावि राम्नाकोटमा पनि कृषि बाली विज्ञान विषयमा यसै वर्षबाट पढाइ हुने भएको छ । यस्तै, जिल्लाको शान्नि त्रिवेणी गाउँपालिकाको डाँफे मावि मुमामा पनि यसै वर्षबाट १८ महिने सिभिल सबओभरसियर पढाइ हुने भएको छ ।

गाउँमै पढाइ हुने भएपछि खर्च पनि कम लाग्ने र घरको खाना आएर प्रविधिक पढ्न पाउने भएपछि १८ महिने जस्ता विषय पढ्न बाहिर जाने विद्यार्थी हर्षित भएका छन् ।

# शैक्षिक गुणस्तर अभियान सञ्चालन

मिसन न्यूज
कालिकोट

शिक्षामा गुणस्तर ल्याउँन नरहरिनाथ गाउँपालिका र तिलागुफा नगरपालिकामा उपचारात्मक कक्षा सञ्चालन गरिएको छ । सेभ द चिल्ड्रेन र ग्रामीण विकास तथा पर्यावरण संरक्षण मञ्च (भिडिसेफ) नेपालको साँझेदारीमा सञ्चालित युवा शसक्तिकरण बुलगारी परियोजना अन्तर्गत उपचारात्मक कक्षा सञ्चालन गरिएको हो । विद्यार्थीको सिकाई उपलब्धी सुधार गर्नका लागि शिक्षामा गुणस्तर न्युन छ । यसमा पनि तीन वटा विषय जुन गणित, अंग्रेजी, विज्ञान विषयको आधार कमजोर भएका कारण सिकाई उपलब्धी न्युन छ' उनले भने, सिकाई उपलब्धी बढाउन कक्षा ८, ९, १० मा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालन गरिएको हो ।' ग्रामीण विकास तथा पर्यावरण संरक्षण मञ्च (भिडीसेफ) नेपाल र सेभ द चिल्ड्रेनको साझेदारीमा सन २०१६ देखि तिलागुफा नगरपालिका र नरहरिनाथ



गैरसरकारी संस्थाको साझेदारीमा स्थानीय तहले कक्षा सञ्चालन गरेका हुन् । शैक्षिक गुणस्तर खस्कँदै गएपछि यसलाई रोक्नका लागि विद्यालयमा आएर पनि कमजोर भएका विद्यार्थीहरुका लागि उपचार स्वरुप थप कक्षा सञ्चालन गरिएको बताइएको छ । तिलागुफा नगरपालिका र नरहरिनाथ गाउँपालिकाका १४ माध्यामिक विद्यालयमा २५ वटा उपचारात्मक कक्षा सञ्चालन गरिएको युवा सशक्तिकरण बुलगारी परियोजनाका परियोजना संयोजक भुपालसिंह बोहराले बताए ।

सामुदायिक विद्यालयमा गणित, अंग्रेजी, विज्ञान विषयमा विद्यार्थी अनुत्तीर्ण भएको तथ्याङ्कले देखाएका छन् । दुई वटा स्थानीय तहका १४ वटा माध्यमिक विद्यालयमा गणित, अग्रेजी, विज्ञान विषयमा कमजोर विद्यार्थीको शैक्षिकस्तर बढाउनका लागि उपचारात्मक कक्षा संचालन भइरहेको बोहोराले जानकारी दिए । 'ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुको गाउँपालिकाका १४ माध्यमिक विद्यालयहरुमा कक्षा ८, ९, १० कक्षाका विद्यार्थीहरुलाई मध्यनजर गरी शैक्षिक सुधारमा सहयोग गर्न कार्यक्रमहरु सञ्चालन गरिरहेको भिडिसेफ नेपाल कालिकोटका अध्यक्ष मीनबहादुर बोगटीले बताए । 'परियोजनाले दुबै स्थानीय तहमा जिविकोपार्जन र शिक्षा क्षेत्रमा काम गरिरहेको छ ।' उपचारात्मक कक्षा सञ्चालन भएपछि विद्यार्थीमा पढाईकोस्तर बृद्धि भएको नन्दादेवि उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक रत्नसिंह सावदले बताए । 'उपचारात्मक कक्षामा विधालयले कक्षामा अति कमजोर विद्यार्थी छनौट गरी ३० जनालाई सञ्चालन गरीरहेकाले कक्षामा पढाएको बेला सम्बन्धित विषयमा बढी सक्रिय देखिएका छन्' उनले भने । बालबालिकाहरुका लागि विद्यालय नियमित जान प्रेरित गर्नका लागि टोलटोलमा उपचारात्मक कक्षा सञ्चालन भइरहेको भिडिसेफ नेपाल कालीकोटका बिकास सुपरिवेक्षक शंकर उपाध्यायले बताए ।

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि<br>२.खाना पकाउन वा तयार गर्नु अघि<br>३.खाना खानु र सुत्नु अघि<br>४.बच्चाको दिसा धोइ दए पछि<br>५.फोहोर धाएपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक<br>२.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार<br>३.सावुनपानीले हातधुने बानी<br>४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार<br>५.सफा घर आगन<br>६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

शुभकालिका गाउँपालिका
कालिकोट

# बार्षिक पर्यटन कार्य योजनाको घोषणा

**मिसन न्यूज**

**काठमाडौं**

नागरिक उड्डयनमन्त्री तथा संस्कृति,पर्यटन मन्त्री योगेश भट्टराईले आफ्नो एक वर्षे कार्य योजना सार्वजनिक गरेका छन् । संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री भट्टराईले आफ्नो एक वर्षे कार्ययोजना सार्वजनिक गरेका हुन् । मन्त्री भट्टराईले आफ्नो कार्ययोजनालाई विभिन्न १० भागमा वर्गीकरण गरी १ सय ४१ वटा कामको फेहरिस्त प्रस्तुत गरे। आफ्ना कार्ययोजनालाई न्युनतम १५ दिनभित्र गरिसक्ने ५ वटा कामदेखि १ वर्षभित्र सक्ने र केही बहु वर्षे कार्यक्रमलाई निरन्तरता दिनेसम्मको रहेका छन् । उनले १५ दिनभित्र परिवर्तित अवस्थामा पर्यटकीय सेवाको गुणस्तरीयता वृद्धि गर्नेगरी होटल मापदण्ड जारी गर्ने, नेपाल भ्रमण वर्ष मनाउन १० वटा स्रोत बजारको पर्यटक आगमन प्रक्षेपण र अन्य आवश्यक कार्यक्रमको खाका बनाई प्रबर्द्धनात्मक कार्यक्रम गर्ने रहेका छन् । यस्तै मन्त्री भट्टराईले नेपाली मौलिक खानाको प्रचार, प्रसारको लागि हरेक तारे होटलले नेपाली खानको छुट्टै स्टल हुनुपर्ने गरी होटल मापदण्ड बनाउने र आन्तरिक उडानमा बिग सिक्स अर्थात् ६ जना सम्माननीयलाई मात्र विमानसम्म गाडी लैजान व्यवस्था मिलाउने पनि कार्ययोजनामा राखेका छन्। मन्त्री भट्टराईले नेपाल वायु सेवा निगमबाट सञ्चालित ग्राउण्ड ह्याण्डलिङ्गलाई थप व्यवस्थित र प्रभावकारी बनाउने योजना पनि राखे। मन्त्रि भट्टराईले जेष्ठ नागरिकलाई पशुपतिको चार वटै ढोकासम्म सहजै जान सक्ने गरि पुर्वाधार बनाउने र पशुपतिमा नियमित प्रसाद वितरणको वातावरण बनाउने, सन्ध्या आरती युट्युवबाट प्रत्यक्ष प्रशारण गर्ने योजना ३ महिनाभित्र सम्पन्न गर्ने योजना सार्वजनिक गरे ।



# प्रधानमन्त्री इमरान खानले दिए चेतावनी

**एजेन्सी**

**पाकिस्तान**

पाकिस्तानका प्रधानमन्त्री इमरान खानले कश्मीर मामिलामा कुनै पनि हदसम्म जान सक्ने चेतावनी दिएका छन् । उनले सवा अर्ब जनसंख्या रहेका मुसलमानहरुले संयुक्त राष्ट्र संघले कश्मीरका जनतालाई मद्दत गर्छ कि गर्दैन भनेर हेरिरहेको कश्मीरको बारेमा पनि बताउने प्रधानमन्त्री खानले जानकारी दिए। भारतले संविधानको धारा ३७० खारेज गरेर कश्मीरलाई दिइएको विशेष राज्यको दर्जा खोसेपछि यो अन्तराष्ट्रिय मुद्दा बनेको र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कारण कश्मीरका जनतालाई स्वतन्त्रताको मौका मिलेको इमरान खानको भनाइ छ। कट्टर हिन्दुवादी संस्था



पनि बताए । राष्ट्रलाई सम्बोधन गर्दै खानले भने, 'यदि कश्मीर मुद्दाले लडाइँको रुप लियो भने याद रहोस् दुवै मुलुक परमाणु शक्ति सम्पन्न छन् ।
हामी कुनै पनि हदसम्म जान सक्छौं ।' कश्मीरी जनता संकटमा रहेको भन्दै उनले उनीहरुलाई आफूहरुले साथ दिने बताए । उनले भने, 'म आफैं कश्मीरको राजदूत बनेर सारा दुनियाँमा कुरा उठाउने छु। २७ सेप्टेम्बरमा संयुक्त राष्ट्र संघमा कश्मीरको अवस्थाबारे जानकारी गराउने छु ।' यसबारे पूरै पाकिस्तानमा १२ बजेदेखि साढे १२ बजेसम्म आधा घण्टा बाहिर निस्किएर राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस)को योजनाअनुसार भारतले कश्मीर मुद्दामा कुरै गर्न नचाहेको उनले आरोप लगाए । आरएसएस भारतको एक हिन्दु राष्ट्रवादी, अर्धसैनिक स्वयंसेवक संगठन हो, जुन सत्तारुढ भारतीय जनता पार्टीको भातृ संस्था मानिन्छ। बीबीसीका अनुसार आरएसएसलाई विश्वकै सबैभन्दा ठूलो स्वयंसेवी संस्था भनिन्छ । इमरान खानले सम्बोधनको क्रममा भारत सरकार संयुक्त राष्ट्रसंघको प्रस्ताव, संविधान, जवाहरलाल नेहरुको प्रतिबद्धता र धर्मनिरपेक्षताविरुद्ध गएको जिकिर गरे ।

# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | धेरै बोल्ने बानीले विवाद निम्त्याउन सक्छ। खराब व्यक्तिको संगतले बुद्धिभ्रम हुनेछ। अरूको बहकाउमा पर्दा काम बिग्रनेछ। पहिलेका सहयोगीहरू नै प्रतिस्पर्धामा उत्रिनेछन्। जिम्मेवारीका साथै चुनौती पनि बढ्नेछ। परिवारमा असमझदारी बढ्न सक्छ। अध्ययनमा समय दिन नसक्दा पछि परिनेछ। |
| वृष : | प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। तर वैचारिक द्वन्द्वले उपलब्धि धकेलिन सक्छ। बोली(व्यवहारमा सजग नहुँदा आफ्नै समूहमा आलोचित भइनेछ। व्यवसायमा उतारचढाव देखिए पनि बुधवार र बिहीवार भने विभिन्न अवसर प्राप्त हुनेछन् र सोचेको काम सम्पादन गर्न सकिनेछ। |
| मिथुन : | एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ। धर्म, तथा समाजसेवामा मन लाग्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। |
| कर्कट : | मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ। बोलीको विपरीत अर्थ लाग्न सक्नेछ। मनमा दुविधा उत्पन्न हुनेछ। मध्य सातामा भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चापनि चल्नेछ। |
| सिंह : | यो सातामा नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। रमणीय र सुखद् यात्राको योग छ। पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ। साताको अन्त्यमा अरूको वचन टाल्न नसक्दा दुःख पाइने र धन खर्च पनि हुनेछ। |
| कन्या : | यो सातामा सोचेको ठाउँबाट धनागम हुनेछ। विशिष्ट व्यक्तिको सहयोग पाईनेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ। सरकारी जागिरेले बढुवा, प्रशंसा र पुरस्कार पाउन सक्छन्। शुभ समाचार सुन्न पाइएला। नसामाजिक क्षेत्रमा सफलता मिल्नेछ। |
| तुला : | भाग्यले विभिन्न अवसर जुराउनेछ। आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ। सहयोगी हातहरू अघि बढ्नेछन्। भौतिक साधन जुटाउने समय छ। साताको अन्त्यमा दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला। यो साताका लागि शुभअङ्क ३,८ र शुभरङ्ग खैरो वा गुलाबी हो। |
| वृश्चिक : | साताको सुरुवातमा गरेका काममा ढिलासुस्ती हुनेछ। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। अनावश्यक धन खर्च हुँदा मानसिक चिन्ता वढ्नेछ। साताको उत्तरार्धबाट नयाँ काम वा रोजगार पाईनेछ। साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला। |
| धनु : | यो सातामा मानसिक चिन्त वढेपनि कार्य क्षेत्रमा प्रगती हुनेछ। आकस्मिक धन लाभपनि हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ। साताको अन्त्यमा चोटपटकको सम्भावनाका साथै सामान हराउन सक्नेछ। यो साताका लागि शुभअङ्क १,५ र शुभरङ्ग पहेंलो वा गुलावी हो। |
| मकर : | यो सातामा इच्छा र आकाङ्क्षा पूर्ण हुने समय छ। शुभकार्यको चर्चा चल्नेछ। ठुला व्यक्तिले तपाईंका मेहनतको प्रसंसा गर्नेछन्। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। साहित्यिक क्षेत्रमा रुची बढ्नेछ। |
| कुम्भ : | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। व्यवसाय बढाउने वा नवीन रोजगारीको अवसर आउनेछ। लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन्। जोश जाँगर र हिम्मत बढ्नेछ। आफन्तको सहयोग प्राप्त हुनेछ। बजार घुम्न पाईनेछ। |
| मीन : | सहयोगीहरू टाढिनेछन् र साझेदारीको विवादले संयुक्त आधारशिला कमजोर बन्नेछ। आफन्तबीच मतभेद देखापर्नेछ। आफ्नैले झुक्याउन सक्छन्, गोपनीयतामा सजग रहनुहोला। स्वास्थ्य कमजोर रहनाले अध्ययनमा ध्यान केन्द्रित नहुन सक्छ। |

## प्रेस जेल हाल्ने विधेयक...............

आरोप लगाएका छन् । देशमा ओली सरकार आएपछि इतिहाँसकै ठुलो भ्रष्टाचार मौलाएको र उपभोक्ता समितिका नाममा कराडौ बजेट हिनामिना गरेको सभापति देवाले आरोप लगाए । उनले पार्टीभित्र अब एकताको जरुरी भएको बताए । एकता नभएकै कारण चुनाव यसको फाइदा कम्यूनिष्ठले लिएको बताए ।

**कार्यकर्ताको असन्तुष्टि**

नेपाली कांग्रेसले सातै प्रदेशमा महाधिवेशन प्रतिनीधिका लागि सञ्चालन गरेको प्रशिक्षण कार्यक्रममा नेतृत्वको कार्यशैली प्रति कार्यकर्ताले असन्तुष्टि समेत व्यक्त गरेका छन् । कर्णाली प्रदेशको प्रशिक्षणमा सहभागि कार्यकर्ताहरुले नेताका वरिपरि घुम्नेहरुले मात्र अवसर पाएको भन्दै असन्तुष्टि जनाएका हुन् । प्रशिक्षण कार्यक्रममा १० जिल्लाका झण्डै २ सय महाधिवेशन प्रतिनीधिहरु सहभागि छन् । नेपाली काङ्गेस सल्यानका क्षेत्रीय सभापति सन्तोष केसीले केन्द्रीय नेताहरुसँग गाउँमा बसेर संगठन गर्नेले भन्दा काठमाडौं बसेर केन्द्रीय नेताहरु वरिपरि घुम्नेहरुले अवसर पाएको गुनासो गरे । कांग्रेसलाई जनतासंग जोड्नका लागि यस्तो प्रवृति अन्त्य हुनुपर्ने नेपाली कांग्रेस कालिकोट सहसचिव दमन शाहीले बताए । प्रशिक्षणको उद्घाटन समारोहमा सहभागि भएका कांग्रेस बरिष्ठ नेता रामचन्द्र पौडेलले राजनीतिलाई व्यापारको बनाउन नहुने भन्दै गाँउमा संगठन नगर्नेलाई केन्द्रबाट अवसर दिए पनि जनता खेर जाने बताए । प्रशिक्षण कार्यक्रमा कर्णालीका दशवटै जिल्लाका महासमिति सदस्य, महाधिवेशन प्रतिनीधि, जिल्ला सभापति, क्षेत्रिय सभापति तथा जिल्ला कार्य समितिका पदाधिकारीहरुको सहभागिता रहेका थिए ।

## समृद्धितिर लम्किदैं.....................

भन्दा धैरै अगाडी रहेको छ । वडाका सम्पूर्ण बिद्यालयमा इन्टरनेट पनि उपलब्ध गरिएको वडाअध्यक्ष वोगटिले जानकारी दिए ।

टोल टोलबाट योजनाहरु ल्याउन र जनताका कामहरु छिटो छरितो सम्बोधन गर्न तीनवटा कलष्टर बनाइ वडा सदस्यहरुलाई परिचालित गरिएको छ । नगरपालकामा रहेको ९ वटा वडामध्ये सबैको नजर परेको वडा नं.९, युवा र पढेलेखेको वडाध्यक्ष भएकोले पनि नंया सोचाइका साथ बिकास निर्माणका कामसंगै अन्य वडाको तुलनामा अगाडी रहेको स्थानियहरुले बताएका छन् ।

## कालिकोटमा भाइरल.....................

भरिभराउ भएको बताए । आइतवबार ८ जनाको परिक्षण गरिएकोमा सोमबार बढी नै आएको र मंगलबार त झनै बढी बिरामी आएको बताए । उनले भने, ‘अहिले ४० जना बिरामी आउने गरेकोमा २० जना भाइरल ज्वरोका बिरामी आउने गरेका छन् ।

भाइरल ज्वराबाट बच्नको लागि सुचना मुलक सन्देश स्थानिय सामुदायिक रेडियोमा दिएका छौ ।’ स्थानिय तहका स्वास्थ्य संस्थाहरुमा औषधि पनि पठाउने तयारी रहेको बताए । आवश्यक्ता अनुसार कडा खालको एन्टिबायोटिक सम्वन्धीत क्षेत्रमा पठाउने र गम्भीर अवस्थाका बिरामीलाई जिल्ला अस्पतालमा भर्ना गरिएकोले उपचारमा गम्भीर भएर लागेको जिल्ला जनस्वास्थ्य कार्यालय कालीकोटले जानकारी दिएको छ ।

धैरै ठाउँमा एकै पटक भाइरल फैलिएपछि हालको जनशक्ति अपुग हुने ठहर गर्दै थप माग गर्ने निर्णय बैठकले गरेको जिल्ला अस्पतालका प्रमुख डा. भिष्म पोखरेलले बताए ।

## मुआब्जा बहिष्कार.....................

राष्ट्रिय गौरवको आयोजनामा देखिएको मुआब्जा विवाद तत्काल सुल्झाउनुपर्ने बताए । आयोजनाको पहिलो चरणमा सुरुङ निर्माणको काम गत चैत महीनामै सकिएको थियो । दोस्रो चरणअन्तर्गत सिभिलको काम सुरु भइसकेको छ । चिनियाँ निर्माण कम्पनी ग्वाङ्डङ युन्टिन र नेपालको रमण निर्माण जेभीले ६ अर्ब १६ करोड रुपैयाँमा दोस्रो चरणको काम सुरु गरिसकेका छन् । रासस

**‘भष्ट्राचार विरुद्धको सहकार्यःसुशासनको लागी अपरिहार्य’**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## समृद्धिको सपना...............................

आकर्षित भएका छन् । गाउँगाउँमा नै बजार बनेका कारणले बारीमा लगाएको तरकारी कता लगेर बेच्ने भन्ने समस्या नभएकाले तरकारी खेती गर्न थालेको रास्कोट नगरपालिका-६ भात्तडीका किसान नरप्रसाद बरालले बताए । ‘विगतमा बारीमा तरकारी लगायो भने कसरी कता बेच्ने भन्ने चिन्ता हुन्थ्यो ।’ उनले भने, ‘बारीछेउमै बजार बनेको छ । कता बेचौं भन्ने समस्या छैन ।’ आम्दानीको स्रोत पनि स्थानीएको बढ्दै गएको छ । बढ्दै विगतमा परिवार पाल्न खेती किसानमा मात्र गर्ने करिडोर क्षेत्रका स्थानीयबासीहरूले विभिन्न पेसा व्र्यवसायमार्फत आम्दानी लिन थालेका छन् । विगत कुनै पनि उपाय नभएका मानिसहरूले अहिले बजार क्षेत्रमा होटेल व्यवसाय अन्य व्यापार गर्न थालेको मानिसहरूको आम्दानीको स्रोत बढेको रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालले बताए । ‘अहिले करिडोर क्षेत्रमा होटेल लगायतका अन्य व्यापार व्यवसाय बढेको छ’ उनले भने, ‘मानिसहरूले अहिले राम्रो आम्दानी लिन थालेका छन् ।’ कर्णाली करिडोर क्षेत्रमा विगतमा सस्तो मूल्यमा बिक्री नहुने जग्गा अहिले भने निकै महँगोमा बिक्री हुने गरेको छ । करिडोर क्षेत्रमा पहलपहल बढेपछि व्र्यापार व्र्यवसाय गर्नका लागि पक्की घर बनाउन थालेपछि जग्गाको मूल्य बढेको हो । यहाँका घरजग्गा केही वर्षमा त किन्नै नसकिने अवस्थामा पुग्ने पचालझरना जारकोट बजारका धर्मराज सेजुवालले बताए । ‘विगतमा यस क्षेत्रमा कसैले जग्गा किन्दैनथे’ उनले भने, ‘अहिले यहाँ जग्गा किन्न मारामार हुने गरेको छ ।’

**त्रिदेशीय नाका**

कर्णाली करिडोर अहिले त्रिदेशीय नाका पनि हो । चीन र भारतको त्रिदेशीय व्यापारिक केन्द्रका रूपमा लिइएको कर्णाली करिडोरमा कर्णालीका मानिसका लागि लाइफलाइन नै भएकाले निर्माण कार्य सुरु भएपछि करिडोर क्षेत्रमा बसोबास र आर्थिक चहलपहल बढेको कालिकोट थिर्पुका स्थानीय खेमराज रोकायाले बताए । ‘करिडोर त्रिदेशीय व्र्यापारिक केन्द्र बन्नेमा धैरैको आशा छ । कर्णालीका मानिसका लागि लाइफलाइन हो’ उनले भने, ‘त्यसले गर्दा अहिलेभन्दा आर्थिक चहलपहल आउँदा दिनमा बढी हुनेछ ।’ विगतमा कर्णालीमा कुनै सम्भावना नदेखेर तराईलगायतका क्षेत्रमा बसाइँ सराइ गर्नेले करिडोर क्षेत्रमा भावी संम्भावना देखेर जग्गा खरिद गर्ने गरेको कांग्रेस कालिकोटका महासमिति सदस्य मोतीराज बमले बताए । ‘विगतमा कर्णालीमा सम्भावना नदेखेर अन्य क्षेत्रमा बसाइँ सराइ गरेकाहरूले अहिले यहाँ आएर जग्गा खरिद गर्ने गरेका छन् ।’ उनले भने, ‘यसले गर्दा अब मानिसले कर्णालीको सम्भवना देख्न थाले ।’ सेनाको जिम्मापछि तीव्र गतिमा काम करिब ११ वर्ष अगाडिदेखि सडक विभागले काम थालेको कर्णाली करिडोरमा ठेकेदारमार्फत करिब २३ करोड बजेट खर्च गरे पनि अपेक्षित रूपमा काम भएको थिएन । कामले तीव्रता नपाउँदा स्थानीयवासीले आन्दोलन गरी २०७१ साल चैत ५ गते नेपाल सरकारको मन्त्रीस्तरीय निर्णयबाट नेपाली सेनाले २०७२ चैत ९ गतेबाट निर्माण कार्यको सुरुवात गरेको सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए । ‘कर्णाली करिडोरमा ठेकेदारमार्फत करोडौं खर्च भयो ।’ उनले भने, ‘अहिले नेपाली सेनाले जिम्मा लिएपछि निर्माण कार्यले तीव्रता पाएको छ ।’ लालिघाटदेखि बाजुराको अर्थिङगे चौरसम्मको ६८.५ किमि सडकको ट्रयाक खुला हुने भएको छ । कर्णाली करिडोरको कालिकोट खण्ड ४० र बाजुरा सडकखण्डको ४३ किमि ट्रयाक ओपन गरी सडक विभागलाई हस्तान्तरण गर्ने तयारी भएको नेपाली सेनाका कर्णाली करिडोर निर्माण कार्यदलका प्रमुख मिलन कार्कीले बताए । ‘कर्णाली करिडोर कालिकोट खण्ड ४० किमि, बाजुरा खण्ड ४३ किमि र हुम्ला खण्ड ११३.३४७ किमि गरी १९६.३४७ किमि रहेको छ’ उनले भने, ‘यो मध्ये कालिकोट र बाजुरा सडक खण्डको निर्माणकार्य यसै वर्ष पूरा भई सञ्ुचालनमा ल्याएका छौँ ।’

## पुर्वाधार सम्मेलनको.....................

कार्यक्रम ल्याएको छ । कर्णाली प्रदेशका सवै ठाउँ अवलोकन गरी यो कार्यक्रम लागु गर्ने मुख्यमन्त्री शाहीले बताए ।

पुर्वाधार सम्मलेन यहिभदौ २५ र २६ गते सुर्खेतमा हुने आयोजकले जनाएको छ । गत आर्थिक वर्षको तथ्याङ्क अनुसार सात प्रदेश भन्दा कम आर्थिक वृद्धि भएको कर्णाली प्रदेश देखिएको छ । यस प्रदेशमा आर्थिक वृद्धिका लागि विभिन्न स्रोतहरु रहेका छन् । तर, यसलाई सदुपयोग नहुदाँ कर्णालीमा आर्थिक वृद्धि कमजोर वन्दै गएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव केवल प्रसाद भण्डारी ले वताए । कार्यक्रममा कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष डा.पुन्यप्रसाद रेग्मी, वाइसीएनसीका अध्यक्ष, सि एन आइका प्रतिनिधि लगायतका सरोकारवालाको सहभागीता रहेको थियो ।

## सदरमुकाममै........................

बताएका छन् । शक्तिको दुरुपयोग गरी बजारवासीलाई खानेपानी अभावले काकाकुल बनाउने खानेपानीका कर्मचारीदेखि राजनीतिक दलका नेता र जनप्रतिनिधिसमेत रहेको उनीहरुको बुझाई छ ।

पदको दुरुपयोग गरेर खानेपानीको मूल ट्याङ्कीबाट सिधै लाइन आ-आफ्नो घरमा तानेका छन् । ‘घरमा पानी आउन छाड्यो, धारा नजिक छैन १ घण्टा हिँडेर पानी ल्याउन जानुपर्छ त्यहाँ पनि भिड उत्तिकै हुन्छ, पालो नकुरी कहाँ पानी पाउनु’ खाँडाचक्र नगरपालिकामा बस्दै आएकी बसन्ती न्यौपानेले भनिन्, ‘संगैका पानीका लाईनमा पनि एउटामा आउने एउटामा नआउने गरि वितरण गरिएको छ ।’

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत